# रोजगार रणनीति अध्यावधिक

लालझाडी गाउँपालिका

शंकरपुर, कन्चनपुर

# कार्यकारी सारांश

लालझाडी गाउँपालिका भित्रका सबै नागरिकलाई सुरक्षित र मर्यादित रोजगारीका अवसर उपलब्ध गराउन, श्रमिकहरुको आधारभूत अधिकार सुनिश्चित गर्दै रोजगारीसंग अन्तर सम्बन्धीत रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्न, आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरूको जानकारी उपलब्ध गराउन, आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रर्वद्धन का क्रियाकलाप गर्न, श्रम बजारको माग बमोजिमको रोजगारमूलक, व्यवासायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणमुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्य राखेर लालझाडी गाउँपालिकाले रोजगार रणनीतिक योजना, २०८० जारी गरिएको थियो। विश्वमै वदलिदो रोजगारी तथा आर्थिक आयामका परिवेश र संरचना लाई मध्य नजर गर्दै गत बर्ष यस पालिका ले तय गरेको रोजगार रणनीति थप परिर्माजन गरि कार्यान्वयन गर्न सम्बन्धीत शाखाहरुको प्रमुखहरुको समुन्वयमा रोजगार रणनीति अध्यावधिक कार्यदल मार्फत अध्यावधिक गरिएको छ।

देशमा बढदो गरेको बेरोजगारी समस्यालाई समाधान गर्न तथा अन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको कमीका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तहभित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यक्ता अनुसार सीपयुक्त, दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गरि श्रम बजारमा आपूर्ति गर्ने अभिप्रायले यस लालझाडी गाउँपालिकाको रोजगार रणनीतिक २०८० अध्यावधिक गरि कार्यान्वयनमा लगिएको छ।

गाउँपालिकाको आर्थिक तथा सामाजिक समृद्धिको लागि स्थानीय तहभित्रै आन्तरिक रोजगारीका थप अवसरहरुको सृजना गर्ने र सोही अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान एवं प्रतिस्पर्धी जनशक्ति तयार गरि रोजगारीमा प्रतिस्थापन गर्न यस रोजगार रणनीतिक योजनाले महत्वपूर्ण भूमिका खेल्न सक्ने अपेक्षा राखेको छु। यस रणनीतिक योजनाको कार्यान्वयनले बेरोजगार व्यक्तिहरुलाई उत्पादनशील र मर्यादित रोजगारी प्राप्त गर्न आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ। सबै सरोकारवाला निकाय र यस गाउँपालिका बासी नागरिकहरुबाट कार्यान्वयनका चरणहरुमा उचित सहयोग एवं सहकार्यको अपेक्षा रहने विश्वास लिएको छु।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत
लालझाडी गाउँपालिका

**असाढ २०८१**

## बिषयसूची


खण्ड-१ लालझाडीको भौगोलिक अवस्था ........ 1

खण्ड - २ रणनैतिक सन्दर्भ ........ 2

१. पृष्ठभूमि ........ 2

२. रोजगार रणनीतिको आवश्यकता / औचित्य ........ 3

३. अध्ययन पद्धति ........ 3

४. आर्थिक विकासका क्षेत्र ........ 4

कृषि बिकास ........ 4

पशुपंक्षी बिकास ........ 5

शिक्षा स्वास्थ्य तथा खेलकुद ........ 5

पूर्वाधार विकास ........ 5

उद्योग तथा वाणिज्य ........ 6

शहकारी ........ 7

श्रम, रोजगार ........ 7

५. सीमा ........ 8

खण्ड - ४ रणनैतिक सवालहरू ........ 11

खण्ड - ५ दुरदृष्टि, ध्येय र उद्धेश्य ........ 11

खण्ड ६ रणनैतिक लक्ष्यहरू ........ 12

खण्ड - ७ रणनैतक स्तम्भ / प्रमुख रणनीतिहरु ........ 12

रणनीति तथा कार्यनीति ........ 12

खण्ड - ८ पाँच वर्षको रणनैतिक कार्ययोजना ........ 15

खण्ड - ९ श्रोत परिचालन र बजेट व्यवस्थापन ........ 23

खण्ड - १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था ........ 24

रणनीतिक योजनाको निर्देशक समिति ........ 24

रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः ........ 25

अनुगमन तथा मूल्याङ्कन ........ 25

आवधिक समीक्षा ........ 25

मध्यावधिक मूल्याङ्कन ........ 25

अन्तिम मूल्याङ्कन ........ 25

खण्ड - ११. सम्भाव्य जोखिमको व्यवस्थापन ........ 26

रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारी हक सम्बन्धी नियमावली २०७५ को नियम १४ बमोजिम गठित स्थानीय निर्देशक समितिको बैठक मिति २०८०/१२/०४ मा लालाझाडी गाउँपालिका रोजगार रणनीत अध्यावधिक गर्ने सम्बन्धमा तपसील बमोजिम को कार्यदल गठन भई रोजगार रणनीति अध्यावधिक गरिएको छ ।

**तपसील :**

| क्र.स. | नाम / थर | पद | शाखा |
|---|---|---|---|
| १ | श्री राज बहादुर सार्की | प्रमुख .प्रशासकीय अधिकृत | कार्यदल संयोजक |
| २ | श्री शिद्ध राज भट्ट | शिक्षा अधिकृत | शिक्षा युवा तथा खेलकुद |
| ३ | श्री केशव दत्त पन्त | रोजगार संयोजक | रोजगार सेवा केन्द्र |
| ४ | श्री बैगनाथ चौधरी | इन्जिनीयर | पूर्वाधार शाखा |
| ५ | श्री नरेश प्रसाद भट्ट | वरिष्ठ उद्यम सहजकर्ता | उद्योग वन तथा वातावरण |
| ६ | श्री दशरथ साउँद | कृषि अधिकृत | कृषि शाखा |
| ७ | श्री बिशन सिंह बिष्ट | प्रा.स्वम.प्रा | पशु स्वास्थ्य शाखा |
| ८ | श्री नयन चौधरी | रोजगार सहायक | रोजगार सेवा केन्द्र |
| ९ | श्री प्रभु राज जोशी | सहायक चौथो | शहकारी शाखा |
| १० | अन्य आमन्त्रित | | |

## खण्ड-१ लालझाडीको भौगोलिक अवस्था

सुदूरपश्चिम प्रदेश कञ्चनपुर जिल्लाको ९ वटा स्थानीयतह हरु मध्येको लालझाडी गाउँपालालिका पनि एक हो। यो गाउँपालिका जिल्लाको पुर्वी- दक्षिणी भागमा अवस्थित छ। यो गाउँपालिका साविक शंकरपुर गा.वि.स. का पूरै १ देखि ९ वडाहरु, साविक बाइसे बिचवा गा.वि.स. का १ देखि ४ सम्म र साविक देखतभूली गा.वि.स. का १, २, ३, ७ र ८ वडाहरु समायोजन भई मिति २०७३/११/१२ मा घोषणा भएको ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदाको अनुपम धरोहरको रुपमा रहेको सुन्दर गाउँपालिका हो। हाल यस गाउँपालिका अन्तर्गत जम्मा ६ वटा वडाहरु पर्दछन्। यो गाउँपालिका २८° ४०' ४४" उत्तर देखि २८° ४७' ३६" उत्तरी अक्षांश सम्म र ८०° १५' ४२" पूर्व देखि ८०° १६' ५३" पूर्वी देशान्तर सम्म फैलिएको छ। यो गाउँपालिका जिल्ला सदरमुकाम भिमदत्त नगरपालिका (महेन्द्रनगर) देखि ४६ किलोमिटर टाढा रहेको छ।

उष्ण जलवायुको प्रभाव देखिने यस गाउँपालिकामा हिउँदमा कम वर्षा हुने र वर्षातको समयमा भारी वर्षा हुने गर्दछ। समय- समयमा स्याली र दोदा नदीमा वर्षायाममा आउने बाढीबाट यो गाउँपालिका बढी प्रभावित रहेको छ। उष्ण हावापानी हुने भएकाले यस क्षेत्रमा अन्नबालीमा धान, गहुँ, मकै, तेलहनबाली, त्यसैगरी दलहन बालीमा मसुरो, अरहर , चना र फलफुल बालीहरुमा आँप, केरा, लिची, अम्बा आदि उत्पादन भएको पाइन्छ।

यस गाउँपालिकाको मुख्य पेशा कृषि हो। यस गाउँपालिकामा दोमट, बलौटे र चिम्ट्याइलो माटो समथर भूमि भएकाले अधिकतम कृषि उत्पादन हुने गर्दछ।यहाँको अधिकांश भूमि कृषिमा उपयोग भएको छ भने त्यस पश्चात जंगल, बस्ती, नदी, बाटो आदि क्षेत्रले ओगटेको छ। यस गाउँपालिकामा कृषि तथा पशुपालनको क्षेत्रमा करिब ९० % मानिसहरु संलग्न रहेका छन्। १५४.६५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको भू- आकृति स्वरुप करिब सबैजसो समथल रहेको छ।

रोजगारी हक सम्बन्धी संवैधानीक व्यवस्था र कानूनी प्रावधान बमोजिम संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनमा रुपान्तरण ल्याउन पनि लालझाडी गाउँपालिकाले रोजगार रणनीति कार्यान्वयन गर्न आवश्यक रहेको देखिन्छ। श्रोत साधनको समुचित र एकिकृत उपयोग गरि आन्तरिक रोजगारी सिर्जना गर्न, न्युनतम रोजगारका कार्यक्रम,उद्यमशिलता तालिम,व्यवसायिक सीप विकास, सीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधारमा रोजगार रणनीति तय गर्नेछ।

रोजगार नीति २०७१ ले नेपालमा उपलव्ध श्रम शक्तिलाई प्रतिस्पर्धी वनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एव सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल वनाई गरिवी निवारणमा योगदान पुर्याउनु नीतिको दुर दृष्टि रहेको छ उक्त दुर दृष्ट्रि वमोजिम प्रमुखका उदेश्यहरु र बिययबस्तुलाई आत्मसात गरि लालझाडी गाउँपालिकाको आगामी ५ वर्षे रोजगार रणनीतीले मार्गदशनले काम गरेको हुनेछ।

# खण्ड - २ रणनैतिक सन्दर्भ

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ (झ) मा रहेको श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था रहेको छ । सो नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने तथा मर्यादित श्रम, सबै श्रम शोषणको अन्त्य गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छ ।

संविधानको धारा १७ मा श्रम प्रतिको अवहेलना गर्न नहुने, धारा १८ को उपधारा (४) ले समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने, धारा १९ को उपधारा (१) ले श्रमप्रति अवहेलना, जातिय छुवाछुत एवम् लैंगिक भेदभाव हुने सञ्चार गर्न नहुने, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ३४ को उपधारा (२) ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने, धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने र धारा ५० को उपधारा (२) ले सबै सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य एवम् श्रमको उद्यमशिलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको सम्मान, विकास गर्ने आदि श्रम तथा रोजगार क्षेत्रसंग सान्दर्भिक विषयहरुलाई उल्लेख गरिएका छन् ।

सरकारले श्रम तथा रोजगारीका विषयलाई व्यवस्थित गर्न वैदेशिक रोजगार नीति, २०६८, राष्ट्रिय रोजगार नीति, २०७१,राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ लगायतका नीति जारी गरेको छ ।उक्त नीतिहरुले श्रम तथा श्रमिकको मर्यादा तथा सुरक्षाका विषयलाई प्राथमिकता दिएको छ। श्रम तथा श्रमिकको अधिकार र सुरक्षाका सम्बन्धमा बोनस ऐन,२०३९, ट्रेड युनियन ऐन, २०४९, बालश्रम (निषेध र नियमन गर्ने)ऐन,२०५६, वैदेशिक रोजगार ऐन,२०६४,श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ र रोजगारीको हकसम्बन्धी ऐन,२०७५ जारी भई कार्यान्वयनमा आएका छन्

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद -३ गाउँपालिका तथा नगरपालिका को काम कर्तब्य र अधिकार भित्र स्थानीय तथ्याङ्क संकलन र बेरोजगार तथ्याङ्क संकलन गर्न श्रमिक तथा बेरोजगारी व्यवस्थापन तथा आर्थिक वृद्धि गर्न पर्ने भनि उल्लेख गरिएको छ । स्थानीय स्तरका आर्थिक आयाम गतिविधी गरि श्रमिक तथा बेरोजगार समस्या पहिचान गरि संवोधन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि रोजगार उद्यम सँग सम्बन्धीत क्रियाकलाप गरि श्रम तथा रोजगार रणनीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

दिगो आर्थिक वृद्धि र गरिवी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको तथ्यलाई विश्वले वर्तमान प्रवृत्तिका रुपमा स्वीकार गर्न थालिएको छ । सामान्यतया, उत्पादनशील रोजगारीले मानिसको आय आर्जन क्षमतालाई बढाउँछ र वेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ, जसले अन्ततः गरिवी न्यूनीकरणमा योगदान गरिरहेको हुन्छ। यी प्रवृत्तिका अलावा के पनि देखिएको छ भने आर्थिक वृद्धि - रोजगारी गरिबीबीचको अन्तर- सम्बन्धमा आर्थिक वृद्धिका साथै रोजगारको परिणाम तथा गुणस्तरका ढाँचाहरु रोजगारीका उपलब्धीलाई प्रभावित तुल्याउन महत्वपूर्ण हुन्छन् ।

यसैको प्रतिक्रिया स्वरुप, विश्वभरका नीति निर्माताहरुले आ-आफ्ना प्रमुख नीतिगत विषयवस्तु तथा विकास रणनीतिका रुपमा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारीलाई अघि सारेका छन् । खासगरी, रोजगारीसंग अन्तर-सम्बन्धित प्रवृत्तिलाई सम्बोधन गर्न विस्तृत रोजगार रणनीति निर्माण गर्नेतर्फ मुलुकहरुको अग्रसरता बढेको देखिन्छ। यसवाहेक विकास योजना, क्षेत्रगत नीतिहरु र कार्यक्रमहरुको महत्वपूर्ण उद्देश्यका रुपमा रोजगारीलाई समेत समेट्न थालिएको छ ।

## २. रोजगार रणनीतिको आवश्यकता / औचित्य

स्थानीय स्तरमा रहेका रोजगार, स्वरोजगारी तथा उद्यमी व्यवसायलाई आर्थिक पक्षलाई चलायमान बनाउन स्थानीयका विभिन्न क्रियाकलापहरु लाई आत्म निर्भर बन्ने गरि रोजगार नीतिले निर्दिष्ट गरेका कतिपय व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिदैन । यस्तो अवस्थामा श्रम बजारमा आवश्यक पर्ने जनशक्तीको निर्माण गर्न रोजगार रणनीति तयार गर्नु पर्ने देखिन्छ।

स्थानीय स्तरमा रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न,सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार, असल औधोगिक श्रम सम्बन्ध, श्रम र सीपको माग र आपूर्तिमा तादम्यता, योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार जस्ता कार्यमा वस्तुनिष्ठ सूचक र समयसीमा सहितको सु-स्पष्ट मार्गचित्र तयार गर्नु पर्ने देखिन्छ।

श्रम र वैदेशिक रोजगार सम्वन्धी सेवालाई जवाफदेही, पारदर्शी, सदाचार, जनमूखी, सूचना प्रविधिमैत्री, र व्यवसायिक बनाई सुशासन प्रवर्द्धन गर्न, नतिजाउन्मुख र संघ, प्रदेश र स्थानीय तह बिच समन्वय, सहकार्य एवं सहयोगका क्षेत्रहरुको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनिति तयार गर्नु पर्ने देखिन्छ।

रोजगारी को हक सम्बन्धी ऐनले तय गरेका तथा यस सेवा केन्द्रलाई तोकेका गतिविधिहरुलाई स्थानीय स्तरमा जनताको पहुँच कायम गरि लाभान्भित बनाई विभिन्न रोजगार स्वरोजगार तथा उद्यमशीलता पर्वद्धन गर्न विभिन्न योजनात्मक रुपले भूमिका खेल्नु पर्ने देखिन्छ ।

## ३. अध्ययन पद्धति

लालझाडीका स्थानीय स्तरको रोजगार रणनीति तयार पार्दा नेपालको संविधान विभन्न कानुन कार्यविधि तथा मापदण्ड र गाउँपालिकाले अबलम्बन विभिन्न नीति, नियम, र स्थानीय भौगोलिक तथा सामाजिक अवस्थाको वस्तुस्थती लाई ध्यानमा राखी विभिन्न योजना रणनीति तयार गरिएको छ । रणनीति तयार गर्दा यस शाखाका लागी आवश्यक पर्ने विभिन्न आवश्यक तथ्याङ्कहरु अन्य सरोकारवालाहरुबाट संकलन गरिएको छ भने आवश्यक सुझाव भने वडागत रुपमा प्रत्राचार मार्फत गरिएको हो । रोजगारी रणनीति तय गर्दा मिहिन ढँगले नेपाल सरकार प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ संस्थाले सार्वजनिक प्रतिवेदनहरुको समेत प्रयोग गरिएको छ ।

## ४. आर्थिक विकासका क्षेत्र

लालझाँडी गाउँपालिका आर्थिक तथा सामाजिक अवस्थाले कमजोर रहे पनि प्राकृतिक रुपमा समृद्ध भने छ यस क्षेत्रका अधिकाँश जनशक्ती कृषि पेशामा आवद्ध भएका देखिन्छ भने व्यसायिक रुपमा कृषि खेतीमा केही नगदेवाली जस्तै उखु खेती र बगरखेतीमा मात्र भर परेको देखिन्छ भने कृषिलाई विभिन्न व्यवसायिक खेतीमा आकर्षित गर्न सकियो भने कृषि क्षेत्रामा रोजगार तथा स्वरोजगारका क्रियाकलाप बढ्ने देखिन्छ।

लालझाडी गाउँपालिका आफै राना थारु बाहुल्य भएको पालिका हो यस्को छुट्टै साँस्कृतिक तथा रितिरिवाजहरु रहेका र वन जगल तथा धार्मिक सम्पदाहरु पनि उत्कृष्ट छन् यस अवस्था रोजगारीका अवसरहरु विभिन्न साँस्कृतिक जोड्ने होम स्टे तथा व्यवसायिक प्रयोजनका संस्थाहरु स्थापित गर्न सकियो भने रोजगारका गतिविधि बढ्ने देखिन्छ।

## कृषि बिकास

औषत कृषक परिवार संख्या ४१९२ र गाउँपालिकाको कुल क्षेत्रफल १५,४६५ हे. मध्ये कृषि योग्य जमिन २५.८६ प्रतिशत रहेको छ । पालिकाभरीमा ९० प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न जनसंख्या छन् । धान, मकै, गँहु, उखु, तेलहन बाली, दलहन बाली, दोदा नदीले कटान क्षेत्रमा बगर खेती, प्लाष्टिक घरको संरचना द्धारा तरकारी खेती इत्यादि मुख्य कृषि पेशाको रुपमा छन् । यस गा.पा. मा ४५ वटा व्यवसायिक कृषि तथा पशु फर्म, ७० वटा सक्रिय व्यवसायिक कृषक समूहमा करिब २५००-३००० जनाको आबद्धता रहेको र रोजगारीको अवसर पाएका छन् ।

गा.पा. कृषि सहकारीहरु को संख्या १५ वटा रहेको छ । सामुहिक बगर खेतीबाट एउटा सक्रिय कृषकले प्रत्येक बर्ष ७-८ लाख आम्दानी गरेको देखिन्छ । लालझाडी गा.पा.ले प्रत्येक वर्ष लोपोन्मुख रैथाने बालीहरुको संरक्षणमा जोड दिदै आईरहेको छ । यस लालझाडी गाउँपालिका वडा नं. ३ स्थित अनमोल कृषि सहकारी सस्थाको सहकार्य, समन्वयमा लालअनदी नामक धानको रैथाने जातलाई अहिले नेपाल सरकारले दर्ता प्रक्रियामा अगि सारेको देखिन्छ भने आलुको रैथाने जात थारुलाई पनि अनमोल कृषि सहकारी संस्था मार्फत का कार्यहरु भैरहेको देखिन्छ। उन्नत जातको बीउ उत्पादन गरि १८-२० जना कृषकहरु स्वरोजगार मा सलग्न भएको पाइन्छ ।

यस लालझाडी गाउँपालिकामा अन्नबाली,नगदेबाली (उखु),दलहन बाली,तेलहन बाली, बगर खेतीको सम्भावाना देखिन्छ। कृषकहरुको उत्पादन क्षमता बढाई यहाँका स्थानीय उत्पादनहरु बिक्री वितरण गर्ने सकियो भने अझै यस क्षेत्र लाई आर्थिक प्रगति गर्न सकिने देखिन्छ ।

कृषि विकास क्षेत्रमा सम्भावना देखिए पनि यहाँ युवाहरु लाई शिक्षित बनाइ स्थानीय स्तरमा कृषि पेसा मा संलग्न गराउन सकियो भने हाम्रो उत्पादन वृद्धि र बजार ले माग र पूर्तिको नियमले काम गर्दछ् । परन्तु यस लालझाडी गाउँपालिकाको साक्षरता दरको कम रहँदा यसको असर सम्पुर्ण क्षेत्रमा पर्ने देखिन्छ ।

## पशुपंक्षी बिकास

गाउँपालिकाको अधिकांश भुमि कृषिमा उपयोग भएको देखिन्छ,भने बाँकी रहेको भूगोलमा वन जंगल, नदी नाला तथा विभिन्न प्राकृतिक सम्पदाहरुले ओगटेको छ भने यस्तो अवस्थाको पशुपालनको क्षेत्रमा करिब ९० % मानिसहरु संलग्न छन् ।

लालझाडी गाउँपालिका अन्तर्गत पशु सेवा शाखाद्धारा ३ वटा सेवा केन्द्र मार्फत सेवा प्रवाह भइरहेको देखिन्छ । पशु स्वास्थय सेवाका विभिन्न हरु पशुपालक कृषक हरु लाई सेवा प्रवाह भइरहेको देखिन्छ ।अधिकांश पशुपालक किसानहरुले बाख्रा कुखुरा सुंगुर जस्ता पशुपालन गरेको देखिन्छ भने यस क्षेत्रको केही भुगौलमा पशु पालन गाई भौसी पालन गरेको देखिन्छ। कृषकहरुको चाहना तथा कृषि निती अनुरुप निश्चित क्षेत्रका लागि निश्चित पशुपालनका पकेटहरु छुट्याइ पशुपालन व्यवसायलाई व्यवस्थित गर्न खोजेको देखिन्छ। हाल यस पालिका भरि पशुपालन समूह ३८ वटा, पशुपालन फर्म १८ वटा, मत्स्य पालन फर्म ८ वटा, एग्रोभेट ६ वटा, १० वटा JT/JTA ग्रा.प.स्वा. का रहेको छन् । क्षेत्रगत रुपमा शैक्षिक स्तर कमी र युवाहरु पशुपालन प्रति अरुचि र हाम्रो श्रम प्रति हेर्ने दृष्टिकोणका कारण यहाँका पशुपालक कृषक छोरा छोरीहरु यस पेसा व्यवसाय तिर सन्तुष्ट रहेको पाइदैन्। तमाम् प्राकृतिक सम्पदा वनजंगल हुदा पनि उचित व्यसायिक सीप ज्ञानको अभावले यो पेसा बाट सन्तुष्ट रहन भने सकेको देखिदैन्।

## शिक्षा स्वास्थ्य तथा खेलकुद

प्राकृतिक सम्पदाले भरिपूर्ण लालझाडी गाउँपालिका कञ्चनपुर जिल्लाको जिल्लाको पूर्व दक्षिण भेगमा अवस्थित छ।विगतमा भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक लगायतका सवै पक्षवाट पछि परि हाल यी सवै क्षेत्रमा अगाडि वड्न फड्को मार्ने स्थितिमा रहेको छ ।

अझै पनि यस जिल्लाको अन्य पालिकाको तुलनामा न्यून शैक्षिक संस्थाहरु क्रियाशील रहेको पालिका भित्र पर्दछ । हाल यस पालिका अन्तरगत २९ वटा वालविकास,आधारभूत विद्यालय ( ०-५ संचालित ) विद्यालय ३ वटा, ०- ८ संचालित विद्यालय ७ वटा र माध्यमिक विद्यालय ०-१० संचालित ३ वटा तथा ०-१२ संचालित विद्यालय ३ वटा, अनौपचारिक प्रौढ विद्यालय एक र एउटा सामुदायिक सिकाइ केन्द्र संचालनमा रहेको छ। हालसम्म पनि यस पालिकाका वालवालिका उच्च शिक्षा अध्ययनका लागि छिमेकी पालिका तथा जिल्ला सदरमुकाम प्रदेश राजधानी र संघीय राजधानीमा जानु पर्ने वाध्यतामा रहेका छन्।

हालसम्म यस पालिकामा एउटा मात्र प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय संचालनमा रहेको छ। पालिका भरि कुनै पनि क्याम्पस संचालनमा छैन् यसर्थ पालिकाले शैक्षिक क्षेत्र प्रमुख प्रथामिकताका साथ लगानी गरि शिक्षाको पहुँच र विस्तार गर्न जरुरी देखिन्छ तबमात्र जनशक्ती तयार भई श्रम बजार पहुँच वृद्धि गर्न सकिन्छ ।

## पूर्वाधार विकास

लालझाडी गाउँपालिका कन्चनपुरका अन्य पालिकाहरुको हकमा यहाँका पूर्वाधारको अवस्था पनि कमजोर रहेको छ। पालिका भर करिब १२० कि.मी. सडक रहेको देखिन्छ भने जसमा करिब १० किमी मात्रै कालो पत्रे सडक निर्माण भएको छ । कतिपय सडक हरु बर्खायाम तथा बर्ष भरि संचालन हुन नसकिने खालका रहेका छन्। पालिको भित्रका आर्थिक गतिविधि शुन्य तथा मानव समाजिक बिकासको असर आन्तरिक स्रोतमा पर्ने कारणले पुर्वाधारका संरचना तयार गर्न आवश्यक बजेट प्रयाप्त नरहेको देखिन्छ ।

पालिका भित्र भौतिक पूर्वाधारमा स्तर बृद्धि गर्दा बजेटको मात्रै आवश्यक व्यवस्थापन गर्न सके यहाँका संरचना निर्माण गर्दा करिब ५० प्रतिशत जनशक्त स्थानीय स्तरबाट परिचालन गरि रोजगारी सिर्जना गर्न सकिने देखिन्छ। पूर्वाधारको अवस्था सुधार गर्न सकियो भने यहाँ जीवन स्तर तथा आर्थिक वृद्धिमा मदत पुग्ने देखिन्छ ।

हाल सम्म पालिकाबाट जिल्ला सदरमुकाम सम्म पनि सार्वजनिक यतायात पहुँच नपुगिसकेको तथा नजिकका ब्यापारिक केन्द्रहरु यतायातको पहुँच नहुँदा स्थानीय स्तरमा उत्पादन हुने उत्पादनहरुले बजार पाउँन नसकेको देखिन्छ।

लालझाडी गाउँपालिकाले भौतिक पूर्वाधारका क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ । जसबाट आगामी दिनमा यहाँका आर्थिक गतिविधिहरुमा वृद्धि हुने देखिन्छ ।

## उद्योग तथा वाणिज्य

लालझाडी गाँउपालिकामा हाल सम्म ३०९ वटा लघु उद्यमको रुपमा विकास भएको पाईन्छ जुन गाउँपालिकाको उद्योग प्रशासनमा दर्ताको प्रकृयामा आएको देखिदैन् विगत आ.व.मा गाउँपालिका उद्यम विकास शाखाबाट गरिएको सर्वेक्षणबाट बाणिज्य व्यवसाय सञ्चालन गरिरहेका मात्र व्यवसायहरु कुल जम्मा ४६० वटा रहेकोमा २६० वटा फर्महरु कुनै पनि निकायमा दर्ता नभई सञ्चालन भएको पाइएको छ।

**उद्योग/व्यवसाय दर्ता तथा नविकरणको अवस्था**

| आर्थिक वर्ष | दर्ता भएका व्यवसायको संख्या | नविकरण गराएको संख्या | कैफियत |
|---|---|---|---|
| २०७४/२०७५ | ७० | | दर्ता शुरुवात |
| २०७५/२०७६ | ७५ | १५ | |
| २०७६/२०७७ | ५६ | २५ | |
| २०७७/२०७८ | ११२ | ३५ | |
| २०७८/२०७९ | ११३ | ४८ | |
| २०७९/२०८० | ५९ | ६५ | |
| २०८०/२०८१ | ५५ | ६६ | |
| **जम्मा** | **५४०** | | |

माथी उल्लेख भएको विवरण हेर्दा व्यवसाय नविकरण गराउने व्यवसायीहरु एकदम न्यून रहेका देखिन्छ । स्थानीय व्यवसायीहरुमा उद्यमशील चेतनाको अभावको कारणले गर्दा यस्तो अवस्था देखिन्छ। लगानीको हिसाबले पनि गाउँपालिकाले विभिन्न निकायहरुको समुन्वयमा आर्थिक विकास तथा सीप विकासका सँग सम्बन्धित क्रियाकलापहरु समेटिए पनि प्रर्याप्त नरहेको देखिन्छ ।

## शहकारी

सहकारीले अर्थव्यवस्थाको सबै क्षेत्रहरूमा रोजगार प्रदान गर्दछ। उदाहरणको लागि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, खरिद र बिक्रीको साथै वित्तीयसेवा, ऋण, स्वास्थ्य, बिजुली, पानी, आवास, पर्यटन र हस्तशिल्प आदि। सहकारीले कृषि क्षेत्रको स्थिरता बढाउने, उनीहरूको उत्पादनको बजार पहुँचमा सुधार ल्याउने र कृषि–खाद्य श्रृङ्खलामा किसानहरूको स्थिति सुदृढ गरी किसान परिवारहरूलाई वास्तविक आर्थिक लाभ प्रदान गर्दछ। किसानहरूको जीवनस्तरमा सुधार गरी गरिब समुदायहरूको सक्षमताको संरक्षण गर्दछ।

ग्रामीण क्षेत्रका मानिसहरूको आवश्यकतालाई सम्बोधन गर्न सामुदायिक हित सहकारी गठन गरिनु पर्दछ। गरिब समुदाय माथि लगानी गर्न र उद्यम विकास गरी रोजगार सिर्जनाको अवसर प्रदान गर्नु पर्दछ।

लालझाडी गाउँपालिका भित्र २२ वटा विभिन्न क्षेत्रमा काम गर्ने सहकारी रहेको पाईन्छ। सहकारी संस्था संचालन ज्ञान तथा दक्ष कर्मचारी जनशक्ती र व्यवस्थापन नहुँदा भने यहाँका सहकारीहरु कमजोर रहेको देखिन्छ भने रोजगारी सिर्जनामा पनि प्राय शुन्यता देखिन्छ।

रोजगार सेवा केन्द्र द्धारा यस आर्थिक बर्षका लागि रोजगारदाताहरु सर्वेक्षण गरिएकोमा सहकारी क्षेत्रबाट औसतमा १ जना कर्मचारी रोजगारीमा सलंग्न भएको देखिन्छ। संस्था संचालनको दशक समय पार गरिसक्दा पनि रोजगारी सिर्जना तथा शेयर सदस्यका आय आर्जनमा गति लिन नसक्नु व्यवसायिक हिसाबले राम्रो मान्न सकिदैन्।

## श्रम, रोजगार

स्थानीय स्तरमा श्रम तथा रोजगारी का क्रियाकलापहरु लाई बढावा दिई आन्तरिक रोजगारीका क्षेत्रहरुलाई बिस्तार गर्न उदेश्यले नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय हरेक पालिका रोजगार सेवा केन्द्रको विस्तार गरिको छ। नेपाल संविधानमा मौलिक हकका समावेश रोजगारीको हक, श्रमको हक, समाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। उल्लेखित बिषयबस्तुलाई पनि कार्यान्वयन ल्याउने रोजगार सेवा केन्द्रले सहजीकरण गर्दै आएको देखिन्छ।

यस लालझाडी गाउँपालिकाको रोजगार सेवा केन्द्रको सुरुवात सँगै बेरोजगारहरुका विभिन्न तथ्याङ्कहरु संलकन गरी न्यूनतम रोजगरी, उत्पादनशील रोजगारी र श्रम बजार अनुकल सीप विकास तथा एकीकृत श्रम रोजगार सेवा प्रवाह गर्दै आएको छ। यस सेवा केन्द्रमा हाल सम्म कुल जम्मा ५५४७ सूचीकृत बेरोजगारहरु भएका देखिन्छ भने जसमध्ये कुल ८४३ जनाले मौसमी रोजगारी अर्थात न्यूनतम रोजगारी १०० का क्रियाकलापमा संलग्न भएको देखिन्छ। प्रतिशतमा हेर्दा सूचीकृत बेरोजगारहरु मध्ये बाट करिब १५ प्रतिशत श्रमिकले न्यूनतम रोजगारी पाएको देखिन्छ भने केही थौरै मात्र शिक्षित बेरोजगारहरुलाई उत्पादनशील रोजगारका लागि नजिकका श्रम बजारमा रेफरल गरिएको देखिन्छ।

श्रम बजार अनुसारको जनशक्ती तयार गर्न यस सेवा केन्द्रबाट विभिन्न सीप मूलक तालिमका साथै soft skill र hard skill बिकास गर्न प्रयासरत रहेको छ भने सुरक्षित आप्रवासनका क्रियाकलाप र श्रम स्वीकृतमा सहजीकरणका कार्यहरु गर्दै आएको छ भने हाल सेवा केन्द्रले दक्ष जनशक्ती सूचीकरण र रोजगारदाता तथ्याङ्कका क्रियाकलाप गरि आगामी कार्यक्रमहरु तय गरेको देखिन्छ।

## ५. सीमा


यस रोजगार रणनीतिको देहाय बमोजिम रहेका सिमा रहि निर्धारण गरिएको छ।

- ❖ नेपालको संविधान र रोजगार सम्बन्धी ऐन, नियम, नीति लगायत कानूनी प्रवाधानको अध्ययनमा आधारित रहेको।
- ❖ संघ प्रदेश तथा नेपाल सरकार तथा अन्य दातृ निकायले निकाल्ने विभिन्न प्रतिवेदनमा आधारित भएर।
- ❖ गाउँपालिकाले अपनाएका नीति तथा कानूनहरुको सिमामा आधारित भई।
- ❖ स्थानीय स्रोत साधन, सामाजिक तथा आर्थिक अवस्था, भौगोलिक परिवेश र परिस्थितिको अध्ययनमा आधारित।
- ❖ स्थानिय स्तरमा रोजगारी सृजनाको अवस्था र अवसरहरुको अध्ययन गरिएको।
- ❖ नेपालको रोजगार रणनीति २०७१, वैदेशिक रोजगार ऐन २०६२ र श्रमको सम्मान राष्ट्रको अभियान नीति तथा एकीकृत रोजगार सेवा सम्बन्धी कार्यविधि तथा अन्य विभन्न सामग्रीहरु।

# खण्ड- ३ वर्तमान अवस्था र रणनीतिक विश्लेषण

- नेपालको अर्थतन्त्रको संरचनामा परिवर्तन हुँदै आएपनि कृषि, वन र माछापालन कार्यका संलग्न जनशक्तिको हिस्सा अझै पनि उच्च रहेको छ। आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्या १ करोड ४९ लाख ८३ हजार ३ सय १० मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालनमा ५०.१ प्रतिशत, सामान्य वा प्राथमिक पेशामा २३.० प्रतिशत जनसङ्ख्या संलग्न छन्। सेवा तथा वस्तु बिक्रीमा ५.८ प्रतिशत, शिल्पकला तथा कालिगढमा ५.६ प्रतिशत र अन्यमा १५.५ प्रतिशत जनसङ्ख्या संलग्न छन्।
- राष्ट्रिय जनगणना २०७८ अनुसार, १५ देखि ५९ वर्षसम्मको श्रमशक्ति कुल जनसङ्ख्याको ६२.० प्रतिशत रहेको छ। १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्यामध्ये पुरूष ४७.५ प्रतिशत र महिला ५२.५ प्रतिशत रहेका छन्। २०६८ को जनगणना अनुसार यस्तो श्रमशक्ति ५७.० प्रतिशत रहेको थियो। लालझाडी गाउँपालिकामा भने १५ देखि ५९ बर्ष सम्मको कुल जनसंख्या १६२९८ यो भनेको कुल जनसंख्या २५०३७ को ६० प्रतिशत भन्दा माथी हो। लालझाडी गाउँपालिका को कुल जनसंख्या २५०३७ रहेको छ जस मध्ये कुल १२१४४ पुरुष र १२८९३ महिला गरि कुल २५०३७ रहेको छ। यसमध्ये सक्रिय जनशक्ती ६५ प्रतिशत भन्दा बढी रहेको छ।
- कुल २५०३७ जनसंख्या रहेको यस पालिकामा हाल सम्म पालिका स्तरमा दर्ता भएका उछोग वर्गीकरण अनुसार कुल ४६४ वटा रहेका छन् जस मध्ये एउटा उद्योग व्यवसायमा सरदर १ जना उत्पादनशील रोजगारीमा संलग्न भएको पाईन्छ। कुल ५४० प्रकृतिका व्यवसाय मध्ये ८६ प्रकारका व्ययवसाय भने पशु पंक्षी जन्य फर्म का रहेका छन्। गाउँपालिका भरि अधिकांश जनताहरु कृषीमै आश्रित रहेकाले यस सम्बन्धी थप मानवपूँजी निर्माण गरि नयाँ- नयाँ कृषी जन्य उत्पादन व्यवसाय सम्बन्धी उद्योगको आवश्यकता देखिन्छ।

- यो गाउँपालिका भित्र वन तथा वनस्पती जन्य व्यसायको तथा उद्योगको आवश्यकता देखिन्छ, जसबाट स्थानीय स्तरका आम जनताले औषधीय गुण भएका बुट्यान वनस्पती उत्पादन गरि केही कृषकहरुको आयस्तरमा परिवर्तन गर्न सकिन्छ।
- लालझाडी गाउँपालिका तथा अन्य सरोकारवालाहरुले आम कृषक तथा ईच्छुक विभिन्न उद्यमशीलत तथा सीप विकास र उत्पादन वृद्धिका कार्यक्रमहरु गरेपनि बजारको श्रृख्ला अनुसारको क्षमता वृद्धि गर्न नसक्दा उत्पादित वस्तुको सीमितता खुम्चिएको देखिन्छ। यस सम्बन्धी आवश्यक सर्वेक्षण गरि थप स्पष्टता ल्याउनु पर्ने देखिन्छ।
- प्राय यस पालिका सक्रिय जनशक्ती भारतमा काम गर्न रुचाउने देखिन्छ,अधिकाँश सक्रिय जनशक्ती मौसमी कामदारका रुपमा भारतमा जान्छ, नेपाल आप्रावसन प्रतिवेदन २०२२ मा पनि कन्चनपुर जिल्ला बाट कुल ४७३६ विदेश गएको देखिन्छ भने .अनुमान गर्दा त्यसको १ प्रतिशत हाराहारी लालझाडीका युवा पनि गएको मान्न सकिन्छ।
- वैदेशिक रोजगारीमा प्राय मानिसको कम चासो देखिए पनि यस गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्र विभन्न अवसरहरुको सूचना प्रवाह गर्दै आएको छ, आन्तरिक रोजगारी विभिन्न गतिविधि सँगै चालु आर्थिक बर्षमा ८५ जना भन्दा बढीलाई अस्थायी रोजगारीका उपलब्ध गराईएको छ।
- रोजगार सेवा केन्द्रबाट यस बर्ष रोजगारदाता सर्वेक्षण गरिएको थियो सबै वडामा एक एक जनाको संकलन कर्ता छनौट गरि तथ्याङ्क संकलनको विधि र चरणहरुको बारेमा जानकारी गराई उनीहरु बाट प्राप्त तथ्याङ्क अनुसार पालिका भरि ८४ वटा रोजगारदाताहरु रहेको देखिन्छ जस मध्ये कृषी, वन, मत्सयपालन तिरका ३६ वटा रोजगारदाता रहेको देखिन्छ भने उक्त साना उद्योग ६८ जना रोजगारीमा संलग्न भएको पाईन्छ।




*स्रोत: लालझाडी रोजगारदाता तथ्याङ्क प्रतिवेदन*

- लालझाडी गाउँपालिकाभित्र रोजगारदाताहरु नक्साङ्कन गर्दा माथी उल्लेखित लिखित अवस्था देखियो।

- लालझाडी गाउँपालिकाको रोजगार रणनीतिको तयारी पश्चात यस पालिका विभिन्न लक्षित बर्गमा लाभ लिने देखिन्छ तत् पश्चात यस पालिका विभिन्न सामाजिक तथा आर्थिक गतिविधिहरु चलायमान हुने देखिन्छ।
- नेपालको अर्थतन्त्र औसतमा ४.१ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि यो वृद्धि पर्याप्त थिएन । सामान्यतया आर्थिक वृद्धिका प्रमुख स्रोतहरुमा सेवा कृषि क्षेत्र नै थिए। औद्योगिक क्षेत्रले अपेक्षा गरेभन्दा कम उपलब्धि हासिल गरेको थियो। लालझाडी गाउँपालिका पनि कृषिमा आधारित गाउँपालिका भए यस पालिका पनि बार्षिक रुपमा कति उत्पादन भयो भन्नेमा यकिन गर्न कुनै तथ्याङ्क प्राप्त नभएको देखिन्छ।
- विप्रेषणको बढ्दो आप्रवाह ( कूल गार्हस्थ्य उत्पादनको २९ प्रतिशत हिस्सा) को पृष्ठभूमि केलाउँदा नेपालको आर्थिक वृद्धिलाई घरायसी उपभोगले प्रभावित तुल्याएको देखिन्छ र यसले निर्यातको न्यून वृद्धिदरको नकारात्मक असरलाई सन्तुलनमा ल्याउन प्रमुख भूमिका खेलेको छ।स्थिर पूँजी निर्माण निकै कमजोर स्तरमा रहेको र वृद्धिका आधारमा यो केवल ६ प्रतिशत रहेको छ। सार्वजनिक क्षेत्रको स्थिर पूँजी निर्माण अत्यन्तै न्यून छ।
- वि.सं. २०७९ मा कृषि क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनको करिव ३४.४ प्रतिशत रहने अनुमान गरिएको थियो, जबकी उद्योग र सेवा क्षेत्रको हिस्सा क्रमशः १४.४ र ५३.२ प्रतिशत रहेको थियो। तथापि, मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको हिस्सा घट्दोक्रममा रहेको भए पनि यही क्षेत्रले कूल श्रमशक्तिको करिव ७४ प्रतिशतलाई रोजगार प्रदान गरिरहेको छ, तर यसले श्रम उत्पादकत्वको कमजोर अवस्थालाई नै प्रतिविम्बित गर्दछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यस लालझाडी गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा ५३५ बेरोजगार व्यक्ति सूचीकृत गरेका छ्। जसमध्ये ८५ रोजगारी प्राप्त गरेका छन। त्यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा सूचीकृत बेरोजगार मध्ये १ लाख ६३ हजार ७ सय ८ ले रोजगारी प्राप्त गरेका देखिन्छ।
- वैदेशिक रोजगार बोर्ड र सुरक्षित वैदेशिक रोजगारीको कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को जेष्टमा १२० जना व्यक्तिलाई विभिन्न क्षेत्रमा वैदेशिक रोजगारसम्बन्धी अभिमुखीकरण गरिएको छ।
- यस लालझाडी गाउँपालिका बैङ्क तथा वित्तीय संस्थाको शाखाहरु मध्ये एउटा क बर्गको मान्यता सहित नबील बैंक र २ लघु वित्त संस्था तथा २२ वटा सहकारी संस्थाहरु रहेका छन् जस बाट आम जनताको वित्तीय पहुँचमा सहजता ल्याएको देखिन्छ।
- लालझाडी गाउँपालिका बाट बार्षिक रुपमा औसतमा ३०० जति जनसंख्यालाई विभिन्न क्षेत्रमा क्षमता अभिवृद्धि, सीप विकास तथा उद्यमशीलता गतिविधी भएको देखिन्छ तर सीप विकास तथा उद्यमशीलता ज्ञान लिएको जनशक्ती बजार अनुसारको माग र आपूर्ती बीच सन्तुलन मिलाउन नजान्दा थप रोजगारी सिर्जना नभएको देखिन्छ यस्तो समस्यालाई सामाधान गर्न रोजगार रणनीतीले सम्बोधन गर्नु पर्दछ।

## खण्ड - ४ रणनैतिक सवालहरू

लालझाडी गाउँपालिकामा अधिकाँश जनसंख्या कृषि पेशामा आवद्ध भए पनि कृषि तथा श्रम बजारको माग बमोजिम उत्पादन गर्न नसकिदा प्रायको मानव विकास सुंचाङ्कमा अग्रसर हुन सकेको देखिदैन् । थारु बहुल्य बस्ती साक्षरता दर केहि वृद्धि भए पनि सामाजिक तथा आर्थिक विकास गतिविधिमा sustainable and saleable हुन नसकेको देखिन्छ । यस्तो अवस्थालाई चिर्न शिक्षा स्वास्थ्य पश्चात उत्पादनशील रोजगारी skill gape न्यून गर्न रोजगार रणनीति मार्फत सम्बोधन गर्नु पर्ने देखिन्छ। कृषिलाई आधुनिकीरण मार्फत सहलीकृत गरि उत्पादन र उत्पादित बजार सृजना का लागि यस क्षेत्रबाट सिर्जित हुने रोजगारी लाई औपचारिक रोजगारीमा स्थानान्तरण गर्नु पर्ने देखिन्छ।

रणनैतिक सवाल गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरि उपलव्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरि रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन । रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाइ उपलब्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जीवनस्तरमा सुधार ल्याउनु प्रमुख रणनैतिक सवाल हुनसक्छ ।

## खण्ड - ५ दुरदृष्टि, ध्येय र उद्धेश्य

रोजगार रणनीति  केही समिति विषयबस्तु लाई मात्रै नसमिटी यस रोजगारीको क्षेत्र सँग अन्तर सम्बन्धीत बिषय वस्तुलाई दिर्घकालनीन हीत हुने गरि परिचालन तथा विभिन्न रणनीति र नीति तय गर्नु पर्ने देखिन्छ। विगतका विभिन्न अभ्यासहरुबाट भएका सिकाईहरुलाई आत्मवोध गर्दै आम लालझाडीमा वाणिज्य तथा रोजगारी मार्फत आर्थिक गतिविधिको अग्रसरता रहेको पालिकाको रुपमा विकास गरिनु पर्छ । यस लालझाडी गाउँपालिकाको रोजगार रणनीतीमा दुरदृष्टि ध्येय र उद्धेश्यहरु निम्नानुसार रहेका छन्।

- ❖ उत्पादनशील रोजगारका अवसर अभिवृद्धि, न्यूनतम रोजगारीको प्रत्याभुती आन्तरिक रोजगारका विभिन्न गतिविधि गर्ने ।
- ❖ अनौपचारिक रोजगारलाई क्रमश औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारीका गतिविधिहरु स्थानीय स्तरमा बढाउने ।
- ❖ मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा तथा विकास ।
- ❖ युवालक्षित रोजगारका अवसरहरु सिर्जना गर्न प्राथमिकता दिने ।
- ❖ अनुसन्धानमा आधारित आधुनिक सूचना प्रणालीको प्रयोग बढाउदै श्रम बजारलाई सबल बनाउने ।
- ❖ उत्पादनशील रोजगारी अभिवृद्धि ।
- ❖ रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउने ।

## खण्ड ६ रणनैतिक लक्ष्यहरू

यस लालझाँडी गाउँपालिकाले कुल जनसंख्याको ५ प्रतिशत लाई श्रम रोजगारी र उद्यमशीलता का कार्य मार्फत श्रम बजार मा स्वरोजगार मूलक गतिविध गर्न सक्ने जनशक्ति तयार गर्नु रहेको छ। कृषिमा आधारित सर्वसाधारण लाई उनीहरुमा देखिएको सीप क्षमताको मूल्याङ्कन पश्चात बजारमा बिक्री योग्य उत्पादनलाई प्रर्वद्धन गर्नेपर्ने देखिन्छ ।

- ❖ बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- ❖ सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- ❖ श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- ❖ रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- ❖ वैदेशिक रोजगारी सूरक्षित बनाउन सूरक्षित रोजगार प्रर्वद्धन गर्ने ।
- ❖ विदेशबाट फर्केका स्थानीयहरु सीप क्षमता पूँजीको स्थानीय स्तरमा उपयोग गर्ने ।
- ❖ आन्तरीक रोजगार प्रर्वद्धनका क्रियाकलाप गर्ने ।
- ❖ एकीकृत रोजगार सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

## खण्ड - ७ रणनैतक स्तम्भ / प्रमुख रणनीतिहरु

रणनीतिक योजनाको प्रभावकारी सोच, लक्ष्य र उदेश्य प्राप्तिका लागि योजनाको निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

स्तम्भ - १ : कृषि क्षेत्रमा दिगो विकास
स्तम्भ -२ : व्यवसायिक तथा प्राविधिक शिक्षा मार्फत जनशक्ति तयार
स्तम्भ - ३ : स्थानीय तथा आन्तरिक रोजगारी प्रवर्द्धन, सामाजिक संरक्षण
स्तम्भ –४ : सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनमा सहजीकरण
स्तम्भ –५ : व्यवसायिक सीप विकास तालिम तथा उद्यमशीलता
स्तम्भ –६ : रोजगार विनिमय सेवा
स्तम्भ –७ : दिगो भौतिक संरचना निर्माण

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| रणनीतिक स्तम्भ नं. १ | |
| कृषि क्षेत्रमा दिगो विकास | |
| | दोदा नदि कटान क्षेत्रहरु बगर खेतीको क्षेत्र विस्तार गरि, उत्पादन तथा आय आर्जनमा वृद्धि गरिनेछ । |

| | |
|---|---|
| | बढ्दो जलवायु परिवर्तनको असर न्युनीकरण गरिनेछ। |
| | लोपोन्मुख जातको संरक्षण र सम्वर्दनमा जोड दिई खाद्य सुरक्षा र खाद्य सम्प्रभुता सुनिश्चित गरिनेछ। |
| | व्यवसायिक पशुपालन र बजार प्रवर्द्धन गरिनेछ। |
| | लक्षित वर्ग र समूहका कृषकहरु लाई पशुपंक्षीमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गरि जिविकोपार्जनमा सुधार ल्याईनेछ। |
| **रणनीतिक स्तम्भ नं. २** | |
| **व्यवसायिक तथा प्राविधिक शिक्षा मार्फत जनशक्ति तयार** | |
| | विद्यार्थीलाई विद्यालयमा टिकाउन र सिकाउनका लागि उपयुक्त आकर्षक शैक्षिक वातावरण तयार गरिनेछ। |
| | एक विद्यालय एक सीपमूलक कार्य मार्फत स्थानीय ज्ञान सीप र प्रविधिको संरक्षण गर्न प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछन्। |
| | विद्यार्थीको चाहाना एवम् समाजको र स्थानीय आवश्यकता वमोजिम प्राविधिक विद्यालयहरु संचालन गरिनेछन। |
| **रणनीतिक स्तम्भ नं. ३** | |
| **स्थानीय तथा आन्तरिक रोजगारी प्रवर्द्धन, सामाजिक संरक्षण** | |
| १.१ न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने। | श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ। |
| | सरकारी निकायहरुबाट हुने खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ। |
| | सार्वजनिक निर्माणका कार्यहरुमा श्रममुलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ |
| | आन्तरिक रोजगारी प्रवर्द्धनको लागि अन्तरतह तथा अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ। |
| १.२ उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने। | रोजगारी सिर्जनाका नविनतम अवधारणालाई प्रोत्साहन गरिनेछ। |
| | रोजगारीका अवसर एवं सम्भावनाको पहिचान गर्न सरोकारवालाहरुसँग सम्वाद र समन्वय गरिनेछ। |
| | श्रम बजारको माग बमोजिम रोजगारउन्मुख व्यावसायिक सीप प्रदान गरी रोजगारीमा आवद्ध गरिनेछ। |
| | वित्तिय साक्षरता (Financial Literacy) र वित्तिय पहुँच (Access to Financing) मार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ। |
| | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ। |
| | स्थानीय तहबाट रोजगार विनिमय सेवा सहितको एकीकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ। |

| | |
|---|---|
| | रोजगारी र श्रम बजारको प्रवर्द्धन र विस्तार सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ । |
| **रणनीतिक स्तम्भ नं. ४** | |
| **सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनमा** | |
| २.१ बैदेशिक रोजगारीलाई सुरक्षित बनाउन आवश्यक सहजीकरण गर्ने | वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थीत बनाउन सहजीकरण गरिनेछ। |
| | सुरक्षित वैदेशिक रोजगारी व्यवस्थापनका चरणमा श्रमिकको हक हित का लागि पहल गरिनेछ। |
| | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप पूँजी प्रविधिको उपयोग गरिनेछ। |
| | सामाजिक सुरक्षा कोष तथा विमा सहजीकरण गरिनेछ । |
| **रणनीतिक स्तम्भ नं. ५** | |
| **व्यवसायिक सीप विकास तालिम तथा उद्यमशीलता** | |
| ३.१ रोजगारमूलक व्यवसायिक तथा सीप मूलक तालिम सम्बन्धी आवश्यक नीति निर्माण तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। | ३.१ रोजगारमूलक व्यवसायिक तथा सीप मूलक तालिम सम्बन्धी आवश्यक नीति निर्माण तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। |
| ३.२ व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्न अन्तरतह र अन्तर शाखाहरु बीच समन्वय कायम गर्ने । | व्यवसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्न बजारको माग बमोजिम स्थानीय तहमा रहेका संघ संस्था र शाखाहरु बीच आवश्यक समुन्वय गरिनेछ। |
| | व्यावसायिक तथा सीपमूलक तालिमको सञ्चालनमा एकरुपता र प्रभावकारिता सुनिश्चतताका लागि एकीकृत सीप विकास तालिम सूचना प्रणालीको विकास गरी सरोकारवालाबीच समन्वय र सहकार्य गरिनेछ |
| **रणनीतिक स्तम्भ नं. ६** | |
| **रोजगार विनिमय सेवा** | |
| ४.१ रोजगार परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ। | रोजगार तथा स्वरोजगारको पदथापनाको सम्भावना खोजी गरिनेछ। |
| | श्रम बजारमा प्रवेशका लागि आवयक न्यूनतम योग्यता सम्बधी जानकारी गरिनेछ। |
| | रोजगारीमा प्रवेशका लागि व्यक्तिगत विवरणको तयारी तथा आवदेनमा सहयोग । |
| | स्वरोजगारका अवसर, बजारीकरण र सम्भावित आम्दानी विवरण । |
| | श्रमिकको श्रम स्वीकृती  र पुन: स्वीकृतिमा  सहजीकरण गरिनेछल। |
| ४.२ सीप तथा क्षमता विकासको लागि श्रमिकको छनौट गर्ने | रोजगारदाताको सलग्नतामा सीप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापनाका क्रियाकलाप हुनेछन् । |
| ४.३ रोजगारको खोजीमा रहेका व्यक्तिको वैयक्तिक दर्ता | रोजगारको खोजीमा रहेका व्यक्तिको वैयक्तिक दर्ता गरिनेछ । |
| ४.४ श्रमिक तथा सीपको अभिलेख राख्ने | रोजगारदातालाई आवश्यक पर्ने सीप र क्षमता सम्बन्धी तथ्याङ्क राखिनेछ। |

| रणनीतिक स्तम्भ नं. ७ | |
|---|---|
| दिगो भौतिक संरचना निर्माण | |
| | गाउँपालिकाक्षेत्र भित्र रहेका ग्राबेल सडकहरु कालोपत्रे हुने, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन लगायतका सबै भौतिक पूर्वाधारहरुलाई जोड दिइनेछ। |
| | सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ। |
| | लालझाडी पार्क, ईटाहा बाबा मन्दिर र कंञ्ज रामनगर जोड्ने पक्की पुल जस्ताको निर्माण गरि पर्यटन प्रर्वद्धन मार्फत रोजगारी सिर्जना गरिनेछ। |

## खण्ड - ८ पाँच वर्षको रणनैतिक कार्ययोजना

यस लालझाडी गाउँपालिका रोजगार सेवा केन्द्रले ५ बर्षे रोजगार रणनीति कार्ययोजना निम्नानुसार तयार गरिएको छ।

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी निकाय | समया विधि | सहयोगी निकाय | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| रणनीतिक स्तम्भ नं. १ | | | | | | |
| कृषि क्षेत्रमा दिगो विकास | | | | | | |
| कार्यनीति: १.पशुपंक्षीजन्य खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गा.पा. लाई आत्मनिर्भर बनाउने | | | | | | |
| १.१ | पशु उत्पादन बजार प्रवद्धन कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | पशु उत्पादन पश्चात आयआर्जन भई पशुपालन पेसा अबलम्बन गरेको हुने | ख |
| १.२ | पशु आहारा सुधार कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | दुग्धजन्य तथा मासुजन्य उत्पादनमा वृद्धि भएको हुने | ख |
| १.३ | कृत्रिम गर्भाधान नश्ल सुधार कार्यक्रम। | पशुपंक्षी शाखा | | सबै सरोकारवा लाहरु | नश्ल सुधार भई उत्पादन वृद्धिका साथै आयआर्जनमा सुधार भएको हुने | ख |
| कार्यनीति २. विपन्न,असहाय, एकल परिवारहरुलाई लक्षित गरि पशुपंक्षीमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गरि जिविकोपार्जनमा सुधार ल्याईनेछ। | | | | | | |
| २.१ | बाख्रापालन कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | पशुपालन वृद्धि भई स्वरोजगारमा वृद्धि हुने | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | कुखुरापालन कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | पशुपालन वृद्धि भई स्वरोजगारमा वृद्धि हुने | ख |
| कार्यनीति ३. युवालक्षित पशु विकास कार्यक्रम कार्यान्वयन गरि स्वरोजगारी सिर्जना गरिनेछ। | | | | | | |
| ३.१ | डेरी, मासु पसल सञ्चालन | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | गुणस्तरिय उत्पादन वृद्धि र बिक्री वितरण | ख |
| ३.२ | भैसीपालन कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | दुग्धजन्य व्यवसायमा सलग्न हुने नागरिकमा वृद्धि भएको हुने | ख |
| कार्यनीति ४. कृषकको श्रमको प्रोत्साहन लिई पशु खोर / गोठ सुधार कार्यक्रमलाई परिचालन गरिनेछ। | | | | | | |
| ४.१ | पशु व्यवस्थापनका लागि गोठ/खोर सुधार कार्यक्रम | पशुपंक्षी शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | उत्पादन वृद्धि भएको हुने | ख |
| कार्यनीति ५. दोदा नदी कटान क्षेत्रहरु बगर खेतीको क्षेत्र विस्तार गरि, उत्पादन तथा आयआर्जनमा वृद्धि गरिनेछ । | | | | | | |
| ५.१ | बगर खेतीमा सहयोग कार्यक्रम | कृषि विकास शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | उत्पादन वृद्धि, आयआर्जन तथा मौसमी रोजगारी सिर्जना भएको हुने | |
| ५.२ | कृषि एम्बुलेन्स परिचालन | कृषि विकास शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | उत्पादनले सहज बजार उपलब्ध भएको हुने | |
| कार्यनीति ६. लोपोन्मुख जातको संरक्षण र सम्वर्दनमा जोड दिई खाद्य सुरक्षा र खाद्य सम्प्रभुता सुनिश्चित गरिनेछ । | | | | | | |
| ६.१ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषि विकास शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवा लाहरु | उत्पादन वृद्धि, आयआर्जन तथा मौसमी रोजगारी सिर्जना भएको हुने | |
| ६.२ | बीउ भण्डारण गृह निर्माण | कृषि विकास शाखा | द्रोस्रो बर्ष | सबै सरोकारवा लाहरु | बिउमा स्थानीय रुपमा भण्डार भएको हुने | क |
| कार्यनीति ७. कृषि उपजको गुणस्तरीयतामा दिगोपना, उत्पादन उप्रान्तको क्षतिमा न्युनता गरि आवश्यक परिमाणमा सुनिश्चिता ल्याईनेछ । | | | | | | |
| ७.१ | कृषि उपज भण्डारण घर निर्माण कार्यक्रम | कृषि विकास शाखा | द्रोस्रो बर्ष | सबै सरोकारवा लाहरु | | क |
| **रणनीतिक स्तम्भ नं. २** | | | | | | |
| **व्यवसायिक तथा  प्राविधिक शिक्षा मार्फत जनशक्ति तयार** | | | | | | |
| कार्यनीति १. व्यवसायिक तथा  प्राविधिक शिक्षा मार्फत जनशक्ति तयार गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१ | एक विद्यालय एक सीपमूलक कार्यक्रम सञ्चालन | शिक्षा शाखा | पहिलो बर्ष देखि निरन्तर | सबै सरोकारवालाहरु | पढ्दै कमाउँदै मोडालिटीका आधारमा विद्यार्थीको सीप बिकास वृद्धि भएको हुने | ख |
| **रणनीतिक स्तम्भ नं. ३** | | | | | | |
| **आन्तरिक रोजगारी पर्वद्धन** | | | | | | |
| **रणनीति १.१ न्यूनतम रोजगारीको प्रत्याभुति गर्ने** | | | | | | |
| कार्यनीति १.१.१ न्यूनतम रोजगारीको प्रत्याभूति गर्न यस गाउँपालिकाले समेत विभिन्न स्रोतहरुको परिचालन गरि संघ प्रदेशले तय गरेका विभिन्न कानुन अनुसार प्रभावकारी संचालन गरिनेछ। | | | | | | |
| १.१.१.१ | न्यूनतम रोजगारीको प्रत्याभूतिका क्रियाकलाप गरि उत्पादनशील रोजगारीमा आवद्ध गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | संघ तथा प्रदेश तथा अन्य | न्यूनतम रोजगारीमा संलग्न भएका ५ प्रतिशत श्रम बजारमा संलग्न भएको हुने | क र ख |
| १.१.१.२ | रोजगार मेला तथा बेरोजगार सम्मेलन गर्ने | रोजगार सेवा केन्द्र | तेस्रो र चौथो बर्ष | गाउँपालिका | बेरोजगारहरु अपेक्षमा सम्बनोधन हुने | ख र ग |
| १.१.१.३ | Career Counseling तथा career guidance कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | ११-१२ कक्षाका विधार्थीहरु Career Choose का विषयवस्तुमा जानेको हुने | ग |
| १.१.१.५ | रोजगार सेवालाई प्रभावकारी संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | रोजगार सेवा केन्द्र सुद्धिकरण भएको हुने | ख ,ग र घ |
| १.१.१.६ | नव प्रर्वतन Business Idea initiative कार्यक्रम गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | New Business Idea साथ उद्यमी बनेको हुने | क र घ |
| कार्यनीति १.१.२ श्रम तथा श्रमिक प्रतिको धारणमा व्यवहारिक परिवर्तन गरिनेछ। | | | | | | |
| १.१.१.७ | श्रमको सम्मान राष्ट्रको अभियान संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | निरन्तर | श्रम तथा श्रमिको प्रतिको व्यवहारमा साकारात्मक परिवर्तन भएको हुने | क |
| १.१.१.८ | श्रमिक सँग रोजगार सेवा कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | | श्रमिक गुनासा सम्बोधन गर्ने गरि कानुनी व्यवस्था भएको हुने | क र घ |
| १.१.१.९ | बालश्रम न्यूनीकरण कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | निरन्तर | बालश्रम न्यूनीकरण भएको हुने | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.१.९ | स्थानीय रोजगारदाता तथ्याङ्क संकलन | रोजगार सेवा केन्द्र | पहिलो बर्ष,दोस्रो बर्ष अध्याव धिक | गाउँपालिका | सूचीकरण भएको हुने | क र घ |
| १.१.१.१० | श्रम डेस्क संचालन कार्यविधि तय गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | तथ्याङ्क संकलन भईसकी अन्य गतिविधि अगाडि बढेको हुने | क |
| १.१.१.११ | अनौपाचरिक क्षेत्रमा रहेका श्रमिकहरु वस्तु स्थती तथ्याङ्क संकलन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष | गाउँपालिका | तथ्याङ्क संकलन भई सूचीकरण भएको हुने | क |
| १.१.१.१२ | स्थानीय स्तरमा रहेका दक्ष जनशक्ती तथ्याङ्क संकलन | रोजगार सेवा केन्द्र | पहिलो | निरन्तर अध्यावधिक | तथ्याङ्क संकलन भई सूचीकरण भएको हुने | क |
| १.१.१.१३ | श्रमिक रोजगार र स्वरोजगारका सफलता कथा प्रचार प्रसार गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | श्रमिक रोजगारी स्वरोजगारीमा लाई बुझ्ने दृष्टिकोणमा फरक आएको हुने | क |
| १.१.१.१४ | कार्यस्थल परिचालन पुर्व श्रमिक अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | श्रमिक सामाजिक विकासमा सहयोग पुगेको हुने | क र घ |
| कार्यनीति १.१.३ सार्वजनिक विकास निर्माणका कार्यहरुमा श्रम मूलक प्रविधिलाई प्रोत्साहन गर्ने। | | | | | | |
| १.१.३.१ | सार्वजनिक विकास निर्माणका योजनाहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधीको प्रयोग हुने गरि नीतिगत व्यवस्था गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका/ अन्य | श्रममूलक प्रविधिबाट रोजगारी सृजना भएको हुने | |
| १.१.३.२ | वातारणीय प्रभाव र परिणामका बारेमा मध्यनजर गरि सार्वजनिक बिकास निर्माणका गर्न अनुरोध गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका/ अन्य | सार्वजनिक विकास निर्माण र वातावरीय प्रभाव मूल्याङ्कन जानकारी भएको हुने | क,ख,ग र घ |
| कार्यनीति १.१.४ आन्तरिक रोजगारी प्रर्वद्धनको लागि अन्तर तह तथा अन्तर निकाय समुन्वय र सहकार्य गरिनेछ। | | | | | | |
| १.१.४.१ | आन्तरिक रोजगारी सिर्जना तथा उद्यमशीलता प्रर्वद्धनका लागि स्थानीय स्तरमा भएका शखा, कार्यालय ,प्रदेश र नेपाल सरकार सँग समुन्वयलाई प्रभावकारी बनाउने | रोजगार सेवा केन्द्र | निरन्तर | नेपाल सरकार / प्रदेश सरकार /अन्य शाखा /उपशाखा /सरोकारवालाहरु | प्रभावकारी समुन्वय भएको हुनेछ। | क र घ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **रणनीति १.२. उत्पादनशील रोजगारीको प्रर्वद्धन तथा विस्तार गर्ने** | | | | | | |
| कार्यनीति १.२.१ रोजगारि सिर्जनाका नबिनतम अवधारणालाई प्रोत्साहित गरिनेछ । | | | | | | |
| १.१.४.२ | आन्तरिक रोजगारी प्रर्वद्धनको नक्साकंन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष देखि चौथो बर्ष | गाउँपालिका | आन्तरिक रोजगारीको गतिविधी बढेको हुने | क |
| १.१.४.३ | नबीन प्रविधिमा आधारित स्वरोजगारमूलक क्रियाकलाप संचालन गर्न आवश्यक परामर्श उपलब्ध गराउने | रोजगार सेवा केन्द्र | निरन्तर | संघ,प्रदेश, गाउँपालिका | स्वारोजगारमूलक क्रियाकलाप भएको हुने | क र घ |
| १.१.४.४ | उद्योग तथा उद्यम जन्य क्रियाकलाप संचालन गर्न प्रोत्साहन गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | संघ,प्रदेश, गाउँपालिका | नव प्रर्वद्धनकारी क्रियाकलाप भएको हुने | क |
| १.१.४.५ | स्थानीय स्तरमा सम्भाव्य रहेका व्यवसायहरु अध्ययन गर्ने | रोजगार सेवा केन्द्र | तेस्रो बर्ष | गाउँपालिका | अध्यन प्रतिवेदन प्राप्त भएको हुने | |
| कार्यनीति १.२.२ रोजगारीको अवसर एवम् सम्भावनाको पहिचान गर्न सरोकारवाला सँग सम्वाद र समुन्वय गरिनेछ। | | | | | | |
| १.२.२.१ | रोजगार सम्वाद मञ्च गठन गरि रोजगार बहस संचालन गर्ने | रोजगार सेवा केन्द्र | पहिलो बर्ष | निरन्तर | रोजगार सम्वाद मञ्च गठन भई कार्य भइरहेको हुने | क |
| कार्यनीति १.२.३ रोजगार सेवा केन्द्रले संकलन तथ्य तथ्याङ्कहरुलाई व्वयस्थापन गरि एकीकरण गरिनेछ। | | | | | | |
| १.२.३.१ | स्थानीय स्तरमा श्रम बजार र रोजगारी स्वरोजगारी सम्पूर्णका तथ्याङ्क व्यवस्थित गर्ने | रोजगार सेवा केन्द्र | तेस्रो बर्ष | गाउँपालिका | स्थानीय श्रम बजार सम्बन्धी तथ्याङ्क व्यवस्थित भएको हुनेछ। | क |
| १.२.३.२ | स्थानीय स्तरबाट भारत गएर मजदुरहरुको तथ्याङ्क संकलन गर्ने | रोजगार सेवा केन्द्र | द्रोस्रो बर्ष | गाउँपालिका | भारतका कार्य गर्ने मजदुर तथ्याङ्क ब्यवस्थित हुनेछ। | क |
| १.२.३.३ | योगादानमा आधारित समाजिक सुरक्षा कोष सम्बन्धी अभिमुखीकरण | रोजगार सेवा केन्द्र | द्रोस्रो बर्ष | गाउँपालिका | समाजिक सुरक्षाका बिषयबस्तुमा जानकार भएको हुने | क |
| कार्यनीति १.२.४ वित्तीय साक्षरता Financial Literacy र वित्तिय पहुँच Access to Financing मार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने | | | | | | |
| १.२.४.१ | उद्यमशीलत विकासका लागि वित्तीय साक्षरता सहित जीवन उपयोग तालिम गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | सबै | वित्तीय सरक्षता उद्यमशीलता तालिम लिएको व्यक्ती श्रम बजारका गतिविधिमा संलग्न भएको हुने | क |
| १.२.४.२ | नेपाल सरकार प्रम रोका बाट स्वीकृत तोके बमोजिमका तालिमहरु स्थानीयका | रोजगार सेवा केन्द्र | निरन्तर | सबै | तालिमहरु संचालन भएको हुने | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अवसरहरुमा विश्लेषण गरि संचालन गर्ने | | | | | |
| कार्यनीति १.२.५ अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गरिनेछ। | | | | | | |
| १.२.५. १ | अनौपचारिक रोजगारमा संलग्नहरु औपचारिक क्षेत्रमा रुपान्तरण गराउन प्रोत्साहन गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | अनौपारिक रोजगारी बाट औपचारिक रुपमा रुपान्तरित हुँदै गरेको हुनेछ। | क |
| कार्यनीति १.२.६ रोजगार विनिमय सेवा सहितको एकीकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ। | | | | | | |
| १.२.६. १ | रोजगार सेवा केन्द्रमा श्रम तथा रोजगार सम्बद्ध सूचना प्रवाह गर्ने | | निरन्तर | | सम्बद्ध सूचना प्रवाह भएको हुने | क |
| १.२.६. १ | रोजगार सेवा सम्बद्ध क्रियाकालापका लागि समन्वय सहकार्य गर्ने | | निरन्तर | | सहकार्य भएको हुने | क र घ |
| **रणनीतिक स्तम्भ नं. ४** | | | | | | |
| **सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनमा सहजीकरण** | | | | | | |
| **रणनीति २.१ बैदेशिक रोजगारीलाई सुरक्षित बनाउन आवश्यक सहजीकरण गर्ने** | | | | | | |
| कार्यनीति २.१.१ वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थीत बनाउन सहजीकरण गरिनेछ। | | | | | | |
| २.१.१. १ | वैदेशिक रोजगारी लाई सुरक्षित बनाउन स्थानीय स्तरमा प्रचार प्रसार गर्ने गरि सहजीकरण गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | संघ,प्रदेश, गाउँपालिका | सहजीकरण भएरहेको हुने | क र ग |
| २.१.१. २ | वैदेशिक रोजगारी लाई सुरक्षित बनाउन स्थानीय स्तरबाट अभिमुखिकरण गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | सूचना प्रवाह भएको हुने | क र ग |
| २.१.१. ३ | श्रम स्वीकृत र पुन: श्रम स्वीकृतीमा सहजीकरण | रोजगार सेवा केन्द्र | निरन्तर | संघ,प्रदेश, गाउँपालिका | श्रम स्वीकृत सम्बन्धी सेवाहरु प्रवाह भएको हुने | क र घ |
| २.१.१. ४ | आप्रवासीलाई आप्रवासनका सम्बन्धी सचेतना | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | आवश्यक सूचना पाएको हुने | क |
| २.१.१. ५ | सुरक्षित वैदेशिक रोजगारीका सम्बन्धमा अभिप्रेरण | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | सूचना प्रवाह भएको हुने | क |
| २.१.१. ६ | वैदेशिक रोजगार बोर्डका कल्याणकारी सेवा सम्बन्धी अभिप्रेरण | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | लक्षित वर्गलाई सेवा प्रवाह भइरहेको हुने | क |
| कार्यनीति २.१.२ सुरक्षित वैदेशिक रोजगारी व्यवस्थापनका चरणमा श्रमिकको हक हित का लागि पहल गरिनेछ। | | | | | | |
| २.१.२. १ | वैदेशिक रोजगारीमा जाने श्रमिकका हकहित सेवा सम्बन्धी सूचना तथा परार्मश सेवा उपलब्ध गराउने | | | | | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.२.२ | वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरु नयाँ अवसर सम्बन्धी सूचना प्रवाह गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | सूचना प्रवाह भएको हुने | क |
| २.१.२.३ | वैदेशिक रोजगारमा जाने श्रमिकहरु पूर्व प्रस्थान अभिमुखीकरण तालिम संचालन गर्ने | रोजगार सेवा केन्द्र | तेस्रो र चौथो बर्ष | गाउँपालिका | तालिमहरु संचालन भएको हुने | क |
| २.१.२.४ | सूरक्षित आप्रवासन सँग सम्बन्धीत विभिन्न निकायबाट उपलब्ध हुने सेवा तथा सुविधाको संयोजन गरी सेवा प्रवाह गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | सेवा प्रवाह भएको हुने | क |
| कार्यनीति २.१.३ वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप पूँजी प्रविधिको उपयोग गरिनेछ। | | | | | | |
| २.१.३.१ | वैदेशिक रोजगारीबाट फर्केका सीपको प्रयोग गरि उद्यमी बन्न प्रोत्साहित गर्ने | रोजगार सेवा केन्द्र | | | | क र घ |
| २.१.३.२ | वैदेशिक रोजगारबाट फर्केका श्रमिक वा परिवारलाई सामाजिक आर्थिक र पारिवारिक पुर्नमिलन पुर्नस्थापना वा पुन एकीकरण सम्बन्धी क्रियाकलाप | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | | क र घ |
| कार्यनीति २.१.४ सामाजिक सुरक्षा कोष तथा विमा सहजीकरण गरिनेछ। | | | | | | |
| २.१.४.१ | वैदेशिक रोजगारीमा जाने आम सर्वसाधारणहरु लाई सामाजिक सुरक्षा सम्बन्धी अभिमुखिकरण तालिम गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | | क र घ |
| २.१.४.२ | वैदेशिक रोजगारीमा जाने आम सर्वसाधारणहरु लाई म्यादी बिमा सम्बन्धी अभिमुखिकरण तालिम गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | | क र घ |
| **रणनीतिक स्तम्भ नं.५** | | | | | | |
| **व्यवसायिक सीप विकास तालिम तथा उद्यमशीलता** | | | | | | |
| कार्यनीति ३.१ रोजगारमूलक व्यवसायिक तथा सीप मूलक तालिम सम्बन्धी आवश्यक नीति निर्माण तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। | | | | | | |
| ३.१.१ | स्थानीय सीप विकास सम्बन्धी आवश्यक कानुन बनाउने | | द्रोस्रो बर्ष | | आवश्यक नीत कानुन बनेको हुने | क र ग |
| ३.१.२ | राष्ट्रिय श्रम बजारको माग र स्थानीय रोजगारमूलक व्यवसायिक सीप माग अनुसार तालिम संचालन गर्ने | | तेस्रो बर्ष | | तालिम संचालन भएको हुने | क,ख,ग र घ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.३ | व्यवसायिक तथा सीप विकास तालिम निर्देशिका र प्रधानमन्त्री रोजगार कार्यक्रमले तोकेका सीप विकास पाठ्यक्रमको कार्यान्वयन गर्ने | | निरन्तर | | कार्यान्वयन भएको हुने | क,ख,ग र घ |
| ३.१.४ | कार्यस्थलमा आधारित सीप मूलक apprenticeship Training तालिमहरु संचालन गर्ने | रोजगार सेवा केन्द्र | निरन्तर | | कार्यान्वयन भएको हुने | क,ख,ग र घ |
| कार्यनीति ३.२ आय आर्जनका लागि विभिन्न क्षेत्रका उद्यमहरु पहिचान गरी लक्षित समुदायलाई उद्यम स्थापना र रोजगारी तथा कारोवार बृद्धि गर्न सहजीकरण गरिने छ। | | | | | | |
| ३.२.१ | उद्यमशीलता विकास / व्यवसाय सचेतनातालीम | उद्यम विकास | निरन्तर | | आर्थिक विकासका गतिविधि भएको हुने | ख,ग |
| ३.२.२ | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने। | उद्यम विकास | निरन्तर | | आर्थिक विकासका गतिविधि भएको हुने | ख,ग |
| ३.२.३ | बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि | उद्यम विकास /रोसके | निरन्तर | | बचत लगानीमा वृद्धि भएको हुने | ख,ग |
| ३.२.४ | मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन,परामर्श | उद्यम विकास /रोसके | निरन्तर | | आर्थिक विकासका गतिविधि भएको हुने | ख,ग |
| **रणनीतिक स्तम्भ नं. ६** | | | | | | |
| **रोजगार विनिमय सेवा** | | | | | | |
| कार्यनीति ४.१ रोजगार परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ। | | | | | | |
| ४.१.१ | रोजगार तथा स्वरोजगारको पदस्थापनाको सम्भावना खोजी गर्ने। | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | रोजगार तथा स्वरोजगारको पदस्थापनाको सम्भावना खोजी गरेको हुनेछ। | क र घ |
| ४.१.३ | रोजगारीमा प्रवेशका लागि व्यक्तिगत विवरणको तयारी तथा आवदेनमा सहयोग गर्ने। | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | रोजगारीमा प्रवेशका लागि व्यक्तिगत विवरणको तयारी तथा आवदेनमा सहयोग भईरहेको हुने। | क र घ |
| ४.१.४ | स्वरोजगारका अवसर, बजारीकरण र सम्भावित आम्दानी सम्बन्धी विवरण राख्ने कार्य | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | स्वरोजगारका अवसर, बजारीकरण र सम्भावित आम्दानी सम्बन्धी विवरण राख्ने गरिएको हुने। | क र घ |
| ४.१.५ | वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृती र पुन: स्वीकृतिमा सहजीकरण गरिनेछ। | रोजगार सेवा केन्द्र | निरन्तर | गाउँपालिका | वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृती र पुन: स्वीकृतिमा सहजीकरण सेवा दिईरहेको हुनेछ। | क र घ |
| ४.२ सीप तथा क्षमता विकासको लागि श्रमिकको छनौट गरिनेछ। | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.१ | रोजगारदाताको सलग्नतामा सीप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापनाका क्रियाकलाप | | निरन्तर | गाउँपालिका | सम्बन्धीत क्रियाकलाप भईरहेका हुनेछन् । | घ |
| कार्यनीति ४.३ रोजगारको खोजीमा रहेका व्यक्तिको वैयक्तिक दर्ता प्रारम्भ गरिनेछ। | | | | | | |
| १ | रोजगारको खोजीमा रहेका व्यक्तिको वैयक्तिक दर्ता | रोजगार सेवा केन्द्र | तेस्रो | गाउँपालिका | सम्बन्धीत क्रियाकलाप भईरहेका हुनेछन् । | क र ग |
| कार्यनीति ४.४ श्रमिक तथा सीपको अभिलेख राखिनेछ । | | | | | | |
| ४.४.१ | रोजगारदातालाई आवश्यक पर्ने सीप र क्षमता सम्बन्धी तथ्याङ्क सकंलन | रोजगार सेवा केन्द्र | तेस्रो | गाउँपालिका | सम्बन्धीत क्रियाकलाप भईरहेका हुनेछन् । | क र घ |

## खण्ड - ९ श्रोत परिचालन र बजेट व्यवस्थापन

यस लालझाडी गाउँपालिका बार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा यस रणनीतिक योजनामा आधारित भई तर्जुमा गरिएकोछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन बार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार संघ, प्रदेश सरकार, विकास साझेदार तथा विभिन्न संघ सस्थाहरु सँग समेत आर्थिक स्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाका स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

### बजेट प्रक्षेपण

| रणनीतिक स्तम्भ / नतिजा खाका | इकाई | आधार तथ्याङ्क | आर्थिक बर्ष (लक्ष्य) हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **कृषि क्षेत्रमा दिगो विकास** | | | | | | | |
| कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि कार्यक्रम गर्ने | जना/समूह र फार्म | | ३०० | ८०० | ४०० | ६०० | ८०० |
| रैथाने / स्थानीय जातलाई संरक्षण गर्ने । | जना/समूह र फार्म | | ४०० | २५०० | २००० | ७०० | ८०० |
| कृषि उपजहरुको गुणस्तरीयमा दिगोपना र सुधार ल्याउने | जना/समूह र फार्म | | २२०० | २५०० | २५०० | २५०० | २५०० |
| पशुपंक्षीजन्य खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि | जना/समूह र फार्म | | ४०० | ८०० | १३०० | १३०० | १७०० |
| पशुपंक्षी पेसालाई स्वरोजगारको रुपमा विकास गर्न | जना/समूह र फार्म | | १००० | १५०० | १००० | १५०० | १००० |
| पशु व्यवस्थापनका लागि गोठ/खोर सुधार गर्ने । | जना/समूह र फार्म | | ८०० | १००० | १४०० | १४०० | १४०० |
| **व्यवसायिक तथा प्राविधिक शिक्षा मार्फत जनशक्ति तयार** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| एक विद्यालय एक सीपमूलक कार्यक्रम सञ्चालन | विद्यालय संख्या | **१६** | ८०० | ९०० | १००० | ११०० | १२०० |
| **आन्तरिक रोजगार प्रर्वद्धन** | | | | | | | |
| न्यूनतम रोजगारी | जना | १०० | ५००० | ५००० | ५२५० | ५५१३ | ५७८८ |
| उत्पादनशील रोजगारी | जना | २५ | १५०० | २००० | २५००० | ३००० | ३५०० |
| **सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनमा सहजीकरण** | | | | | | | |
| सुरक्षित आप्रवासन | जना | ४०० | ५०० | ५०० | ५२५ | ५५० | ६०० |
| **व्यसायिक सीप विकास तालिम तथा उद्यमशीलता** | | | | | | | |
| स्थानीय स्तरमा उद्यम विकास | जना | ३०० | १३० | १०० | १०० | १०० | १०० |
| श्रम बजार अनुकुलन सीप विकास | जना | २५० | १२९ | १०० | १०० | १०० | १०० |
| प्रतिस्पर्धी व्यवासायिक तालिम | जना | ० | ५० | ७० | ९० | १०० | १२० |
| वित्तिय साक्षरता | जना | ० | ० | १०० | १०० | १०० | १०० |
| वजारीकरण सहयोग | जना | २० | १० | २० | २० | २० | २० |
| प्रविधिको प्रयोग तथा उपयोग | वटा | ५ | १० | ५० | १० | १० | १० |
| **रोजगार विनिमय सेवा** | | | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ |
| **दिगो भौतिक संरचना** | | | | | | | |
| रोजगार मैत्री दिगो संरचना | जना | | ५०००० | ७०००० | ९०००० | १२०००० | १५०००० |
| **कुल जम्मा** | | | **६१८७०** | **८८०५५** | **१३०९२६** | **१३८७४०** | **१६९९०३** |

## खण्ड - १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

## रणनीतिक योजनाको निर्देशक समिति

रोजगार रणनीति बमोजिमको कार्य तथा यसले लिएका लक्ष्यहरुको अनुगमन मूल्याकन तथा मार्गदर्शनका गर्न स्थानीय निर्देशक समितिले गर्न सक्नेछ । सो रणनीतिक योजनाका कार्यान्वयन पश्चात लक्षितवर्गको दैनिकीमा पारेको परिवर्तन सम्बन्धी प्रतिवेदन तयार गरी निर्धारित गाउँसभा हुनु पूर्व सम्बन्धीत रोजगार सेवा केन्द्रमा पेश गर्नुपर्नेछ ।

स्थानीय रोजगार निर्देशक समिति अनुसार यस लालझाडी गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ ।

(क) गाउँकार्यपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँकार्यपालिकाको उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँकार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य सचिव

लालझाडी गाउँपालिका भित्र रहेका रोजगारदाता तथा अन्य सरोकारवालाहरु मध्ये आमन्त्रण गर्न सकिनेछ ।

## रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि गाउँसभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि तथा प्रतिफल प्राप्त भए नभएको समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरि आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

## अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित उद्देश्य हाँसिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन विधि अवलम्वन गरिनेछ ।

## आवधिक समीक्षा

रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समीक्षा गरिनेछ। अनुगमन समितले दिइएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ । वार्षिक समीक्षा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ ।

## मध्यावधिक मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयन भएको मितिले ३ वर्ष पछि योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ। मध्यावधि मूल्याङ्कन गर्दा उक्त अवधिसम्म अपेक्षित लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलापहरुमा हाँसिल भएको उपलब्धि, कार्यसञ्चालनको क्रममा देखिएका समस्या तथा चुनौतीहरुको वारेमा वस्तुगत विश्लेषण गरिनेछ।

## अन्तिम मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पुर्वतयारी गरिनेछ । पाँचौं वर्षको पहिलो छ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्याङ्कन प्रारम्भ गरिनेछ ।

## खण्ड - ११. सम्भाव्य जोखिमको व्यवस्थापन

रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहायबमोजिम उल्लेख गरिएको छ । योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुका संकेत मात्र उल्लेख गरिएको छ।

१. स्रोतको व्यवस्थापन (क)
२. सरकारी, गैरसरकारी र नीजीक्षेत्रबीच प्रभावकारी समन्वय (ख)
३. प्रदेश र स्थानीय तहको प्राथमिकतासँगको सामञ्जस्यता (ग)
४. विकास साझेदारबाट हुने सहयोग र समन्वय (घ)

प्रकाशक :

रोजगार सेवा केन्द्र

लालझाडी गाउँपालिका

शंकरपुर, कन्चनपुर